# चीनको जनसंख्या लगातार चौथो वर्ष घटयो

**बैंकक**- दशकौसम्म लागू गरिएको एक बच्चा नीतिपछि थप सन्तान जन्माउन जनतालाई कसरी विश्वस्त पार्ने ? चीनले यही चुनौती सामना गरिरहेको छ। एक बच्चा नीति अन्त्य भएको करिब एक दशक बितिसक्दा पनि जन्मदर बढ्न नसकेपछि चीनको कूल जनसंख्या पुन: घटेको सरकारी तथ्यांकले देखाएको छ।

सोमबार सार्वजनिक गरिएको तथ्यांकअनुसार विश्वको दोस्रो सबैभन्दा बढी जनसंख्या भएको चीनमा जनसंख्या लगातार चौथो वर्ष घटेको छ। सन् २०२५ मा चीनको कूल जनसंख्या एक अर्ब ४० करोड ४० लाख पुगेको छ। यो आँकडा अघिल्लो वर्षको तुलनामा करिब ३० लाखले कम हो।

यो तथ्यांकले चीनले भोगिरहेको गहिरो जनसांख्यिकीय दबाव स्पष्ट पार्छ। सन् २०२५ मा जम्मा ७९ लाख २० हजार शिशु जन्मिएका छन्, जुन अघिल्लो वर्षको तुलनामा १६ लाख २० हजार अर्थात् करिब १७ प्रतिशतले कम हो। सन् २०२४ मा जन्मदर केही बढेजस्तो देखिए पनि त्यो दीर्घकालीन प्रवृत्ति नभएको यसले संकेत गर्छ। सन् २०२३ सम्म लगातार सात वर्ष जन्मदर घटेको थियो।

धेरै परिवारले अत्यधिक प्रतिस्पर्धी सामाजिक संरचनामा बालबालिका हुर्काउने उच्च लागत र मानसिक दबावलाई मुख्य अवरोधका रूपमा उल्लेख गर्दै आएका छन्। यसमा पछिल्लो समयको आर्थिक मन्दीले थप बोझ थपेको छ, जसले धेरै परिवारलाई दैनिकी चलाउनै कठिन बनाएको छ।

एसियाका अन्य मुलुकझैं चीन पनि तीव्ररूपमा घट्दो प्रजननदरको समस्यामा फसेको छ। सरकारले नियमित रूपमा प्रजननदर सार्वजनिक नगरे पनि सन् २०२० मा यो १.३ रहेको थियो। विज्ञहरूको अनुमानमा हाल यो करिब एकको आसपास झरेको छ, जुन जनसंख्या स्थिर राख्न आवश्यक २.१ को स्तरभन्दा निकै तल हो।

दशकौंसम्म एकभन्दा बढी सन्तान जन्माउन प्रतिबन्ध लगाएको चीनले सन् २०१५ मा नीति संशोधन गर्दै दुई बच्चाको अनुमति दिएको थियो। जनसांख्यिकीय दबाब झन् गहिरिँदै गएपछि सन् २०२१ मा यसलाई तीन बच्चासम्म विस्तार गरियो। तर यी नीतिगत परिवर्तनहरूले अपेक्षित परिणाम दिन सकेका छैनन्।

सरकारले थप सन्तान जन्माउन प्रोत्साहनस्वरूप विभिन्न उपायहरू अघि सारेको छ। गत जुलाईमा सरकारले प्रति बच्चा तीन हजार ६०० युआन (करिब ५०० अमेरिकी डलर) नगद अनुदान दिने घोषणा गरेको थियो। यससँगै, व्यवहार परिवर्तन गर्न प्रोत्साहन र निरुत्साह दुवै उपाय अपनाइएका छन्। सन् २०२५ देखि गर्भनिरोधक साधन, कण्डमसहित, मूल्यवर्धित कर छुट सूचीबाट हटाइएका छन्, जसका कारण जनवरी १ देखि कण्डममा १३ प्रतिशत कर लाग्न थालेको छ।

बालपालनलाई सहज बनाउन किण्डरगार्डेन र डे-केयर केन्द्रहरूलाई कर छुटको सूचीमा समावेश गरिएको छ, साथै युवायुवतीलाई परिवार स्थापना गर्न प्रेरित गर्ने उद्देश्यले म्याचमेकिङ सेवाहरूलाई पनि प्रोत्साहन दिइएको छ।

चीन सन् २०२३ सम्म विश्वकै सबैभन्दा बढी जनसंख्या भएको राष्ट्र थियो। तर त्यस वर्ष क्षेत्रीय छिमेकी तथा कहिलेकाहीं प्रतिस्पर्धी मानिने भारतले चीनलाई उछिनेर पहिलो स्थान ओगटेको थियो। अहिले चीनका लागि जनसंख्या घट्दो क्रममा जानु दीर्घकालीन आर्थिक, सामाजिक र श्रमबजारसम्बन्धी चुनौतीका रूपमा उभिएको छ। रासस/एपी

---

कोशी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

पूर्वाधार विकास निर्देशनालय

## पूर्वाधार विकास कार्यालय, पाँचथर

फिदिम, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८२/१०/०६**

यस कार्यालयद्वारा मिति २०८२/०५/११ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको निर्माण कार्यको लागि विद्युतीय खरिद प्रणाली (E-Bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | आयोजनाको नाम र ठेगाना | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (पी.एस. र भ्याट सहित) |
|---|---|---|---|---|
| 1 | IDOPAN/337001414/ NCB/ROAD/02-082/83 | Upgrading of Phidim Shivalaya Nanglapa Phejung Chhintapu Road (Ch. 7+080 to 17+080 Km), Phidim Municipality, Panchthar | M/S Bhagwati/Rajlawat /Nechali JV, Phugling-9, Taplejung, Nepal | 5,40,72,879.53 |
| 2 | IDOPAN/337001414/ NCB/BUILDING/03-082/83 | Construction of Province Treasury Unit Office Building, Phidim Municipality-02, Panchthar | M/S Adhikari Nirman Sewa, Phidim-2, Panchthar | 2,05,48,927.79 |

**कार्यालय प्रमुख**